annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १७९, पृष्ठ ८ | काठमाडौं, बिहीबार २० कात्तिक २०८२ | कार्तिक कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | THURSDAY, NOVEMBER 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

त्रिवि अतिक्रमण- शृंखला ४

## ताहाचल क्यामपसको १३ रोपनी खै ?

२०३२ सालदेखि सञ्चालित मुलुकको पुरानो र प्रतिष्ठित क्याम्पस हो- ताहाचल । तर, क्याम्पसको स्वामित्वमा एक आना पनि जग्गा छैन । न सरकारले जग्गाको स्वामित्व हस्तान्तरण गर्छ, न त क्याम्पसले चर्चेको जग्गाको खोजबिन र संरक्षण गर्छ । त्यसैकारण, अर्बौं मूल्यको १३ रोपनी जग्गा गायब छ । आफ्नो नाममा जग्गा नहुँदा क्याम्पस प्रशासनले पुराना र जीर्ण हुँदै गएका भवन पुनर्निर्माण गर्न सकेको छैन ।




महेन्द्ररत्न क्याम्पस, ताहाचल ।
● अशोक दुलाल

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | काठमाडौं
– को रिपोर्ट



## १० वाम एक ठाउँ, फेरि नफुट्ने संकल्प



अशोक दुलाल

राजकरण महतो | काठमाडौं

अब कहिल्यै नफुट्ने संकल्पसहित माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत १० वामपन्थी पार्टीबीच एकता घोषणा गरिएको छ। एकतापछि गठित दलको नाम नेपाली कम्युनिस्ट पार्टी (नेकपा) राखिएको छ। नेकपाको संयोजकमा पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजकमा माधव नेपाल चयन गरिएका छन्।

बुधबार भृकुटीमण्डपमा एकता राष्ट्रिय सम्मेलन गरी पार्टी एकताको घोषणा गरियो। घोषणासभामा पार्टीको संयोजक र सहसंयोजकको नाम नेता महेन्द्र राय यादवले प्रस्ताव गरेका थिए। हलले ताली पिटेर अनुमोदन गरेको थियो। यसअघि प्रचण्ड माओवादी केन्द्रका संयोजक थिए भने नेपाल एकीकृत समाजवादीका अध्यक्ष थिए।

माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, नेकपा समाजवादी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिस्ट समाजवादी पार्टी, नेकपा (माओवादी समाजवादी), नेकपा (साम्यवादी), देशभक्त समाजवादी पार्टी र माओवादी कम्युनिस्ट केन्द्रबीच पार्टी एकता भएर नेपाली कम्युनिस्ट पार्टी गठन गरिएको हो।

पार्टी एकताका लागि दलहरूबीच ९ बुँदे सहमति भएको नेता वर्षमान पुनले बताए। एकता घोषणा कार्यक्रममा पार्टी एकतामा आएका दलका सबै नेता तथा कार्यकर्ता नेपाली कम्युनिस्ट पार्टीको हुने र पार्टीको चुनाव चिह्न पाँचकुने तारा रहने प्रस्तावलाई अनुमोदन गरेका थिए।

» बाँकी पृष्ठ ३

### एकता भएका पार्टी

माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, नेकपा समाजवादी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिस्ट समाजवादी पार्टी, नेकपा (माओवादी समाजवादी), नेकपा (साम्यवादी), देशभक्त समाजवादी पार्टी र माओवादी कम्युनिस्ट केन्द्र।

## ३४ वर्षीय ममदानी बने न्युयोर्कको मेयर

सुरज भण्डारी | अमेरिका



अमेरिकाको ठूलो सहर न्युयोर्कको मेयरमा जोहरान ममदानी विजयी भएका छन्। उनी मुस्लिम समुदायबाट पहिलो मेयर बनेका हुन्।

३४ वर्षीय ममदानी न्युयोर्कको सबैभन्दा कान्छा र पहिलो मुस्लिम तथा दक्षिण एसियाली मेयर बनेका हुन्। उनका समर्थकहरू खुसियाली मनाउँदै एकअर्कालाई बधाई दिइरहेका छन्।

मेयरको दौडमा ममदानी र न्युयोर्कका गभर्नर एन्ड्र्यू कुओमो थिए। कर्टिस स्लिवा रिपब्लिकन पार्टीका उम्मेदवार थिए। स्लिवाले आफ्नो हार स्वीकार गरेका छन् र ममदानीलाई शुभकामना दिएका छन्। उनले भने, 'अब हामीसँग निर्वाचित मेयर हुनुहुन्छ। म उहाँलाई शुभकामना दिन्छु। किनभने यदि उहाँले राम्रो गर्नुभयो भने हामी सबैका लागि राम्रो हुनेछ।' ममदानीको जन्म सन् १९९१ मा युगान्डाको राजधानी कम्पालामा भएको थियो। ममदानीका बुबाले उनलाई क्रान्तिकारी र घानाका प्रथम प्रधानमन्त्री क्वामे एनक्रुमाहको नामबाट क्वामे नाम दिएका थिए।

ममदानी प्रसिद्ध भारतीय-अमेरिकी फिल्म निर्देशक मीरा नायर र कोलम्बिया विश्वविद्यालयका प्रख्यात प्राध्यापक महमुद ममदानीका छोरा हुन्।

